# जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६८

**भूमिकाः**

स्थानीय स्तरमा जनपरिचालनमा आधारित श्रममूलक विकास कार्यक्रमहरु संचालन गर्नको लागि समुदायको अग्रसरता र लागत सहभागितालाई प्रोत्साहन गर्ने गरी अधिकतम श्रममूलक कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालनको लागि कार्यक्रमको छनौट, व्यवस्थापन, स्वामित्व तथा खर्च प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न यो निर्देशिका स्वीकृत गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई जनाउँछ।

(ख) "नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई जनाउँछ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ लाई जनाउँछ।

(ङ) "उपभोक्ता समिति" भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ को नियम १५५ र १५६ बमोजिमका उपभोक्ता समिति समेत जनाउँछ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको "स्थानीय विकास" मन्त्रालयलाई जनाउँछ ।

(छ) "निर्देशिका" भन्नाले स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका-२०६८ लाई जनाउदछ ।

**३. वजेटको श्रोतः**

यस कार्यक्रमको लागि स्थानीय विकास मन्त्रालय अन्तर्गत जनसहभागितामा आधारित विकास कार्यक्रममा विनियोजित रकम र जनसहभागितामा आधारित भै संचालन गरिने कार्यक्रमहरुका लागि अर्थ मन्त्रालय तथा अन्य मन्त्रालयबाट प्राप्त हुने श्रोतको व्यवस्थापन गरिनेछ।

**४. कार्यक्रम संचालन हुने स्थान र क्षेत्र**

**अ) कार्यक्रम संचालन हुने स्थान :**

सम्बन्धित आयोजनाबाट लाभ प्राप्त गर्ने उपभोक्ता समूहको मागका आधारमा जिल्ला विकास समिति तथा नगरपालिकाहरुबाट पहिचान गरिएका यस निर्देशिकामा उल्लेखित विषयगत क्षेत्रहरुसँग सम्बन्धित विकास निर्माणका कार्यक्रमहरु सम्बन्धित जिल्लाका नगरपालिका वा गाविसमा संचालन गरिनेछ। त्यस्ता कार्यक्रमले एक भन्दा बढी गाविस वा गाविस र नगरपालिका समेतलाई समेटन सक्ने छ।

**आ) कार्यक्रम संचालन हुने विषयगत क्षेत्रहरू**

ग्रामीण तथा शहरी क्षेत्रमा व्यापक जनसहभागितामा आधारित विकास निर्माणका कार्यहरु संचालन गर्नका लागि निम्नलिखित विषयगत क्षेत्रका आयोजनाहरु संचालन गरिनेछ :

(क) सिंचाई तथा नदी नियन्त्रण, गल्छी, पहिरो नियन्त्रणसँग सम्वन्धित कार्य ।

(ख) पक्की सडकपूल तथा कल्भर्ट र पक्की ड्रेन निर्माणसँग सम्वन्धित कार्य ।

(ग) खानेपानी तथा सरसफाईसँग सम्वन्धित साना पूर्वाधार निर्माणका कार्य ।

(घ) शैक्षिक विकाससँग सम्वन्धित विद्यालय, पुस्तकालय आदिको निर्माण कार्य ।

(ङ) धार्मिक तथा पर्यटकीय स्थलहरुको निर्माण तथा जिर्णोद्वारसँग सम्वन्धित कार्य ।

(च) सार्वजनिक जमिन संरक्षण हरियाली क्षेत्र र पार्क निर्माण सम्बन्धी कार्य ।

(छ) स्वास्थ्य चौकी, सामुदायिक भवन, वृद्धाश्रम निर्माण सम्बन्धी कार्य ।

(ज) माथि उल्लेख नभएका तर यस्तै प्रकृतिका निर्माण सम्बन्धी अन्य कार्यहरु ।

(झ) समितिले उपयुक्त ठानी स्वीकृत गरेका अन्य योजना तथा कार्यक्रमहरु ।

## ५. आयोजनाको किसिम र लागत सहभागिताको स्वरूप

५.१ यस कार्यक्रम अन्तर्गत संचालन हुने प्रत्येक आयोजनाका लागि कम्तीमा रु. ५ लाख रकम विनियोजन गर्न सकिनेछ ।

५.२ यस निर्देशिका बमोजिम संचालन हुने आयोजनाहरुको कार्यान्वयन गर्दा श्रममूलक प्रविधि अवलम्बन गर्न प्राथमिकता दिनु पर्नेछ । श्रममूलक तबरबाट मात्र काम हुन नसक्ने भएमा वातावरणमैत्री तबरबाट मेशीनरीको पनि प्रयोग गरी काम गर्न सकिने छ । श्रममूलक तवरवाट कार्य गराउने गरी लागत अनुमान तयार गरी मेशीनरीको प्रयोग गरे गराइएको पाइएमा तत्काले आवश्यक कार्वाही गरी भुक्तानी लिएको रकम असुल उपर गरिनेछ ।

५.३ बढी श्रम र नगद सहभागिता जुट्ने आयोजनाहरुलाई छनोट गर्न प्राथमिकता दिइनेछ ।

५.४ यस कार्यक्रम अन्तर्गत जिल्ला विकास समिति/नगरपालिकाले आयोजना कार्यान्वयन गर्दा नेपाल सरकार, स्थानीय निकाय एवं उपभोक्ता समितिको लागत सहभागिता रहने गरी संचालन गर्न सकिनेछ ।

५.५ यस कार्यक्रम अन्तर्गतका आयोजनाको लागत सहभागिता जुटाउँदा स्थानीयस्तरमा पाइने सामाग्रीको प्रयोग गरी गरिने कार्यमा कम्तीमा ३० प्रतिशत र स्थानीय स्तरमा नपाइने सामाग्री खरिद गरी संचालन गरिने कार्यमा कम्तीमा २० प्रतिशत रकम उपभोक्ताहरुले श्रम र नगदको रुपमा व्यहोर्नु पर्नेछ ।

५.६ कुनै जिल्ला विकास समिति/नगरपालिकाले उपभोक्ताको लागत सहभागिताको अंश माथि उल्लेखित प्रतिशत भन्दा बढी हुने गरी कार्यक्रम सञ्चालन गरिरहेको वा गर्न चाहेको अवस्थामा सोही बढी दर बमोजिम नै लागत सहभागिता तोक्न सकिनेछ ।

## ६ आयोजना प्रस्ताव पेश गर्ने र स्वीकृत गर्ने निर्देशिका

६.१ यस कार्यक्रम अन्तर्गत आयोजना कार्यान्वयन गर्न चाहने आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायले आपसी भेला एवं छलफलद्वारा आयोजना पहिचान र प्रस्ताव तयार गरी जिल्ला विकास समिति/नगरपालिका समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएका प्रस्तावहरुको प्राथमिकीकरण गरी सम्बन्धित जिविस/नगरपालिकाले तोकिएको समयभित्र स्थानीय विकास मन्त्रालयमा पठाउनुपर्नेछ ।

६.२ प्रस्तावित कार्यक्रमको छनौट एवं निर्देशनको लागि देहाय वमोजिमको एक समिति रहनेछ :

| | |
|---|---|
| (क) सचिव, स्थानीय विकास मन्त्रालय | -अध्यक्ष |
| (ख) सहसचिव, योजना तथा वै.स.स. महाशाखा, स्थानीय विकास मन्त्रालय | -सदस्य |
| (ग) महानिर्देशक, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | -सदस्य |
| (घ) प्रमुख ,योजना तथा वै.स.स. शाखा स्थानीय विकास मन्त्रालय | -सदस्यसचिव |

यस समितिको सचिवालयको कार्य स्थानीय विकास मन्त्रालय, योजना तथा बैदेशिक सहयोग समन्वय शाखाले गर्नेछ ।

६.३ जिल्ला विकास समिति र नगरपालिकाले माग गर्ने योजनाहरु २०६८ मंसीर १५ भित्र मन्त्रालय समक्ष प्रस्ताव पेश गरी सक्नु पर्नेछ। मन्त्रालयबाट योजना छनोट कार्य २०६८ मार्ग मसान्त भित्र भई सक्नु पर्ने छ। माघ १५ गते भन्दा पछि कार्यान्वयन सुरु गर्ने गरी प्रस्ताव गरिएको आयोजना प्रस्ताव स्वीकृत हुने छैन।

६.४ आयोजना प्रस्ताव तयार गर्दा अन्य निकाय, संस्था एवं कार्यक्रमसँगको साझेदारीमा पनि गर्न सकिनेछ। यसरी कार्यक्रम सञ्चालन गरिने भए प्रत्येक निकाय, संस्था वा कार्यक्रमबाट व्यहोरिने लागत समेत प्रस्तावमा खुलाउनु पर्नेछ।

६.५ उपभोक्ता समिति वा प्रस्ताव पेश गर्ने अन्य निकायले आयोजनाको कार्यान्वयन कहिले र क-कसको जिम्मेवारीमा गर्ने हो भन्ने कुरा समेत उल्लेख गरी त्यसको कार्यतालिका आफ्नो प्रस्तावमा समावेश गर्नुपर्नेछ।

६.६ आयोजनाको प्रस्ताव तयार गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति जिल्ला विकास समिति/नगरपालिकाले उपलब्ध गराउनेछ र त्यस्तो प्रस्ताव स्वीकृत भइसकेपछि प्राविधिकको लागि लाग्ने प्राविधिक खर्च बापत स्वीकृत रकमको बढीमा १ प्रतिशत रकम प्राविधिक तथा भैपरी खर्चमा छुट्याउन सकिने छु।

६.७ आयोजनाको मर्मत संभार व्यवस्था आयोजनाको प्रस्तावमा उल्लेख भएको हुनुपर्नेछ।

६.८ आयोजनाको प्रस्तावको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ। यो आयोजना प्रस्ताव ३ प्रति तयार गर्नु पर्नेछ। आयोजना स्वीकृत भएपछि स्वीकृत भएको व्यहोरा जनाई एक प्रति सम्बन्धित उपभोक्ता समिति वा प्रस्ताव पेश गर्ने निकाय, एक प्रति सम्बन्धित जिल्ला विकास समिति/नगरपालिका र एक प्रति बुंदा ६.२ वमोजिमको समितिमा अभिलेखको रुपमा राख्नु पर्नेछ।

६.९ आयोजना स्वीकृत भएपछि सम्बन्धित जिल्ला विकास समिति/नगरपालिका मार्फत् सम्बन्धित उपभोक्ता समितिसँग आयोजनाको कार्यान्वयन तथा मर्मत सम्भार सम्बन्धी संझौता गर्नु पर्नेछ।

६.१० उपभोक्ता समिति गठन गर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका २०६८ मा भएको व्यवस्थाको पालना गर्नुपर्नेछ।

६.११ सम्बन्धित जिल्ला विकास समिति/नगरपालिका ले उपभोक्ताहरुसँग सम्झौता पश्चात् पूर्ण जानकारी दिने गरी अभिमुखीकरण गर्नुपर्नेछ।

६.१२ समितिले परियोजना स्वीकृत गर्दा माथि उल्लेख भएका कुराहरुका अतिरिक्त निम्न आधार मा प्राथमिककीकरण गर्नुपर्नेछ :

(क) अधिकतम रोजगारी सृजना हुने श्रममूलक कार्यक्रम,

(ख) उत्पादन सहयोगी र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुर्‍याउने कार्यक्रम,

(ग) स्थानीय श्रोत, सीप र प्रविधिको प्रयोग हुने कार्यक्रम,

(घ) चालु आर्थिक वर्षभित्रै सम्पन्न हुन सक्ने खालका आयोजनाहरु

(ङ) ठोस भौतिक संरचना निर्माण भई दिगोपना कायम हुने आयोजनाहरु,

(च) बढी जनसंख्या लाभान्वित हुने कार्यक्रम,

यस कार्यक्रम अन्तर्गत संचालित आयोजनाहरु सालवसाली प्रकृतिका हुनेछैनन्। जुन आर्थिक वर्षका लागि आयोजना छनोट गरिएको हो सो को दायित्व अर्को आर्थिक वर्षमा सार्न सकिने छैन।

## ७ आयोजनाको कार्यान्वयन एवं अनुगमन

७.१ यस निर्देशिका अनुसार संचालन गरिने स्थानीय स्तरका आयोजनाहरुको कार्यान्वयन सम्बन्धित जिविस/नगरपालिका मार्फत हुनेछ।

७.२ आयोजनाहरु छनौट भएपछि सो को जानकारी सम्बन्धित जिविस/नगरपालिका लाई दिइनेछ। यसरी जानकारी प्राप्त भएपछि स्थानीय स्वायत्त शासन नियमावली, आर्थिक प्रशासन नियमावली र निर्देशिका अनुसार उपभोक्ता समितिसँग सम्झौता गराई कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय निकायको हुनेछ।

७.३ सम्बन्धित जिल्ला विकास समिति/नगरपालिकाले आयोजनाको कार्यतालिका बनाई नियमित अनुगमन गर्नु पर्नेछ।

७.४ आयोजनाको अनुगमन गर्ने क्रममा जिल्ला विकास समिति/नगरपालिका ले सम्बन्धित उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ।

७.५ कुनै उपभोक्ता समितिले स्वीकृत प्रस्ताव बमोजिम आयोजना कार्यान्वयन नगरेमा वा जिल्ला विकास समिति/नगरपालिकाले दिएको निर्देशनको पालना नगरेमा वा विवाद भएमा वा कुनै कारणबश उपभोक्ता समितिले आयोजना कार्यान्वयन गर्न सक्दैन

भन्ने जिल्ला विकास समिति/नगरपालिकालाई लागेमा कारण जनाई जिल्ला विकास समिति/नगरपालिकाले आयोजना रद्द गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाउने छ। यसरी लेखी आए अनुसार समितिले आवश्यक निर्णय लिई सो को जानकारी सम्बन्धित निकायलाई दिनेछ।

७.६ पारदर्शिताका लागि आयोजना सम्बन्धी विवरण सम्बन्धित जिल्ला विकास समिति/नगरपालिकाले सार्वजनिक गराउनुपर्नेछ र उत्कृष्ट काम गर्ने उपभोक्ता समितिको पहिचान गरी प्रचार प्रसार गर्नुपर्नेछ।

७.७ सम्बन्धित आर्थिक वर्षको माघ १५ गतेभित्र कार्यान्वयन शुरु नभएमा वा स्वीकृत कार्यतालिका बमोजिम काम नभएको पाईएमा बुँदा ६.२ बमोजिम गठित समितिले यो कार्यक्रमको रकम अन्य आयोजनामा सार्न सक्नेछ।

७.८ उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ। उपभोक्ता समितिले सञ्चालन गर्ने गरी सम्झौता भएको कार्यक्रम वा आयोजना उपभोक्ता समिति स्वयम्ले कार्यान्वयन नगरी निर्माण व्यवसायी, सब-कन्ट्रयाक्टबाट कार्यान्वयन गराएमा वा उपभोक्ता समितिले आफुले प्राप्त गरेको रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित निकायले छानविन गरी उपभोक्ता समितिका पदाधिकारीहरु वा त्यस्तो कार्यमा संलग्न कर्मचारीबाट दामाशाहीले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ। यस्तो कार्यमा आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ।

७.९ उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरूस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुनेछ। लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

७.१० भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

७.११ यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनुको साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

७.१२ यस निर्देशिका अनुसार संचालन हुने आयोजनाहरुको निमित्त सम्बन्धित आयोजना कार्यान्वयन गर्ने निकायले माग गरे बमोजिमको जनशक्ति, प्राविधिक सहयोग एवं शान्ति सुरक्षा उपलब्ध गराउनु नेपाल सरकारका निकायहरुको कर्तव्य हुनेछ।

## ८. प्रतिवेदन र समीक्षा

८.१ प्रत्येक जिल्ला विकास समिति/नगरपालिका ले यस कार्यक्रम अन्तर्गत आयोजना स्वीकृत भई आए पछि निकासा माग प्रयोजनका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

८.२ कार्यक्रमको प्रगति मासिक रुपमा प्रगति प्रतिवेदनमा समावेश गरी सम्बन्धित जिविस/नगरपालिका ले अनुसूची २ को ढाँचामा स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ।

८.३ आयोजनाका लाभग्राहीको खण्डीकृत तथ्यांक (महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, अपाङ्ग आदि) सहित भौतिक एवं आर्थिक उपलब्धि सूचक सहितको आयोजनाको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन जिल्ला विकास समिति/नगरपालिकाले प्रत्येक चौमासिक अवधि र आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ।

८.४ उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकायले पठाउनुपर्ने प्रगति प्रतिवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात र प्रतिवेदन पठाउनु पर्ने बारेमा सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

## ९. रकम प्रवाह, खर्च, लेखा र लेखापरीक्षण प्रक्रिया

आयोजनाहरु जिल्ला विकास समिति/नगरपालिका मार्फत कार्यान्वयन हुनेछन्। यसरी कार्यान्वयन हुने आयोजनाको रकमको प्रवाह, खर्च, लेखा र लेखापरिक्षणको जिम्मेवारी देहाय वमोजिम हुनेछ :

९.१ स्थानीय विकास मन्त्रालयबाट निर्णय भए अनुसार जिल्लागत तथा नगरपालिकागत आयोजनाको विवरण र सोका लागि विनियोजित रकमको अख्तियारी स्थानीय विकास मन्त्रालयले सम्बन्धित जिविस तथा नगरपालिकालाई उपलब्ध गराउने छ। यसरी प्राप्त रकमको चौमासिक रकम कार्य सञ्चालन गर्न सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट जिल्ला विकास

समिति/नगरपालिकाले निकासा प्राप्त गर्नेछ । यसरी रकम निकासा माग गर्दा स्वीकृत योजनाको विवरण सहितको माग फाराम कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ ।

९.२ कार्यक्रमको स्वीकृत रकम जिल्ला विकास कोष/नगरपालिका कोषमा आम्दानी जनाउनु पर्नेछ ।

९.३ जिल्ला विकास समिति/नगरपालिकाबाट कार्यक्रम स्वीकृत भएपछि नियमानुसार जिल्ला विकास समिति/नगरपालिकाले कार्य संचालन खाताबाट उपभोक्ता समितिलाई निकासा दिनुपर्नेछ । कार्य सुरु गर्न आयोजनाको प्रकृया अनुसार कार्यतालिका बमोजिम स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको २०६४ को अधीनमा रही पेश्की दिन सकिनेछ ।

९.४ जिल्ला विकास समिति/नगरपालिकाले प्राविधिक मूल्यांकन, उपभोक्ता समिति/ समूहबाट गरिएको निर्णय र अनुगमन प्रतिवेदनका आधारमा रकम भुक्तानी दिनुपर्नेछ ।

९.५ जिल्ला विकास समिति/नगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५, तत् सम्बन्धी नियमावली नियमावली, २०५६ र आर्थिक प्रशासन नियमावली, २०६४ र निर्देशिका बमोजिम आन्तरिक एवं अन्तिम लेखा परीक्षण गराउनुपर्नेछ ।

९.६ खर्च नभएको रकम आर्थिक वर्षको अन्तमा फ्रिज गरिनेछ ।

## १० सार्बजनिक परीक्षण

सम्बन्धित उपभोक्ता समितिले समूह भेला गराई जिविसका प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षक निर्देशिका २०६७ बमोजिम सार्बजनिक परीक्षण गराउनुपर्नेछ । उक्त परीक्षणमा खर्च, लागत, गुणस्तर, समस्याहरु र संचालन व्यवस्थाबारे समीक्षा गरिनेछ ।

## ११. जाँचपास फरफारक र हस्तान्तरण

यस कार्यक्रम अन्तर्गत स्थानीय निकाय मार्फत् सञ्चालित आयोजनाहरुको जाँचपास तथा फरफारक स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमवाली, २०५६ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, निर्देशिका बमोजिम हुनेछ ।

## १२. मर्मत सम्भार र दीगो सञ्चालन

उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा सम्बन्धित स्थानीय निकायसँग समन्वय गरी उपभोक्ता समितिले सेवाशुल्क लिन र सो को नियमित मर्मत सम्भार र संचालनको व्यवस्था गर्न सक्नेछ । यसको लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना संचालन निर्देशिका तयार गरी सम्बन्धित स्थानीय निकायको परिषद्बाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

## १३. थप दायित्व सिर्जना गर्न नहुने

यस कार्यक्रमका लागि जनसहभागितामा आधारित विकास कार्यक्रमका निम्ति बजेट पुस्तिकामा उल्लेख भएको रकमबाट निकासा गरिनेछ । यस कार्यक्रमबाट स्वीकृत रकम बाहेक नेपाल सरकार र स्थानीय निकायलाई थप दायित्व सिर्जना गर्न पाइने छैन । यस्तो दायित्व सिर्जना भएमा दायित्व सिर्जना गर्ने पदाधिकारी/व्यक्तिबाट असुल उपर गरिनेछ । जिल्ला विकास समिति/नगरपालिका को पूर्व स्वीकृति नलिई स्वीकृत लागत र सम्झौता भन्दा बढी काम गरेमा उपभोक्ता समिति नै जिम्मेवार हुनेछ । अर्को आर्थिक वर्षमा भुक्तानी गर्ने गरी कार्यक्रम सञ्चालन र खर्च गर्न पाइने छैन ।

## १४. निर्देशन दिने

आयोजनाको छनौट, स्वीकृति तथा कार्यान्वयनको सम्बन्धमा स्थानीय विकास मन्त्रालयले सम्बन्धित स्थानीय निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय निकायको कर्तव्य हुनेछ ।

**१५. विविध**

१५.१. यस निर्देशिकामा उल्लेख भएका विषयमा यसै बमोजिम र अन्य विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका २०६८ अनुसार हुनेछ।

१५.२. यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि आयोजना पहिचान, छनौट, संचालन, लगायतका सबै कार्यहरु बुँदा नं ६.२ मा उल्लिखीत समितिले विशेष प्रक्रिया निर्धारण गरी सम्बन्धित स्थानीय निकायका प्रमुखहरु मार्फत गर्न गराउन सक्नेछ। यस निर्देशिका" बमोजिम कार्य गर्दा गराउँदा आइपर्ने बाधा अड्काउ फुकाउने अधिकार बुँदा ६.२ बमोजिमको समितिमा रहनेछ साथै यस समितिको निर्णय अन्तिम हुनेछ।

अनुसूची-१

जनसहभागितामा आधारित विकास कार्यक्रम

आयोजना प्रस्तावको ढाँचा

(क) आयोजना सम्बन्धी जानकारी

१. नामः

२. स्थानः

३. किसिमः

४. लाभान्वित जनसंख्याः महिलाः पुरुष दलित आदिवासी अपाङ्ग
परिवार जनजाती परिवार

५. योजनाको उद्देश्यः

६. भौतिक उपलब्धिः

७. लाभान्वित परिवार संख्याः

(ख) उपभोक्ता समितिः

१. गठन मिति :

२. गठन भएको रोहवर :

३. गठन हुँदा उपस्थित परिवार संख्या :

४. अध्यक्षको नाम :

५. सचिवको नाम :

६. भेला भएको स्थान :

७. उपभोक्ताहरुको भेलाको उपस्थिती र निर्णय :- (संलग्न गर्नुपर्ने)

८. उपभोक्ता समितिमा महिलाको प्रतिशत : (कम्तिमा ३३ प्रतिशत हुनैपर्ने र अध्यक्ष/सचिव/कोषध्यक्ष मध्ये कम्मिा एक पदमा महिला अनिवार्य रुपमा हुनुपर्ने)

९. उपभोक्ता समितिमा उपभोक्ताहरु मध्येबाट दलित, आदिवासी/जनजातिको प्रतिनिधित्व स्थिति :

(ग) आयोजनाको आर्थिक पक्ष

१. कुल लागत :

२. निर्माण सामग्री मूल्य :

क) जिल्ला बाहिरबाट खरिद हुने

| सि.न. | किसिम | मूल्य रु. | कैफियत |
|---|---|---|---|
| | | | |

ख)स्थानीय निर्माण सामग्री

| सि.न. | किसिम | मूल्य रु. | कैफियत |
|---|---|---|---|
| | | | |

३. ज्याला :क) दक्ष
ख) अदक्ष

४. ढुवानी भाडा :

५. अन्य :

(घ) खर्च व्यहोरिने स्रोत

१. लाभान्वित उपभोक्ताबाट : कूल लागतको ............. प्रतिशतको रु ..............

२. जिल्ला विकास समिति/नगरपालिकाबाट : कूल लागतको ............. प्रतिशतको रु...............
३. नेपाल सरकारबाट कूल लागतको ............. प्रतिशतको रु...............
४. अन्य निकाय भए नाम र रकम खुलाउने :

(ङ) आयोजनासम्बन्धी कारबाही
१. आयोजना माग गर्ने उपभोक्ता समितिको अध्यक्ष र सचिवको दस्तखत :
अध्यक्ष सचिव
२. प्रस्ताव अध्ययन गरी सिफारिश गर्ने प्राविधिकको राय :
३. प्रस्ताव स्वीकृति मिति र निर्णय नं. :

(च) आयोजना कार्यान्वयन कार्यतालिका

| गतिविधि | | समय तालिका | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | आयोजनाको पहिचान, प्रस्ताव | | सम्बन्धित स्थानीय समुदाय |
| २. | आयोजनाको सम्भाव्यता र ल.इ. | | जिल्ला विकास समिति/नगरपालिका |
| ३. | आयोजनाको लागि रकम जम्मा गर्ने | | स्थानीय समुदाय |
| ४. | प्रस्तावको संकलन प्राथमिकीकरण र केन्द्रमा ......... बमोजिमको समितिमा माग गरी पठाउने | | जिल्ला विकास समिति/नगरपालिका |
| ५. | प्रस्तावको स्वीकृति (निर्णय) | | बुँदा ६.२ .................. बमोजिमको समिति |
| ६. | स्वीकृत आयोजनाको जानकारी सम्बन्धित स्थानीय निकाय र उपभोक्ता समूहलाई दिने । | | बुँदा ६.२ ................. बमोजिमको समिति |
| ७. | आयोजना सम्झौता गर्ने | | जि.वि.स/न.पा. र उपभोक्ता समिति |
| ८. | कार्य प्रारम्भ गर्ने (निर्माण) | | उपभोक्ता समिति |
| ९. | प्राविधिक मूल्यांकन | | जिल्ला विकास समिति/नगरपालिका |
| १०. | उपभोक्ता समितिलाई रकम निकासा | | जिल्ला विकास समिति/नगरपालिका |
| ११. | नेपाल सरकारले व्यहोर्ने रकम निकासा | | स्थानीय विकास मन्त्रालय/कोष तथा लेखा नियन्त्रक कार्यालय |
| १२. | योजनाको कार्य सम्पन्न गर्ने | | उपभोक्ता समिति |
| १३. | जाँचपास र फरफारक | | उपभोक्ता समिति/जि.वि.स/न.पा. |
| १४. | लेखापरीक्षण | | जिल्ला विकास समिति/नगरपालिका |
| १५. | आयोजनाको मर्मत संभार | | उपभोक्ता समिति |
| १६. | सार्वजनिक परीक्षण | | उपभोक्ता समिति/जि.वि.स/न.पा. |
| १७. | अनुगमन व्यवस्था | | जि.वि.स, न.पा.र स्थानीय विकास मन्त्रालय, बुँदा ६.२ ......... बमोजिमको समिति |

अनुसूची - २

उपभोक्ता समितिले स्थानीय निकाय वा आयोजना कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्ने प्रगति विवरण

मितिः २०    ।   ।   .

श्रीमान् सचिवज्यू,

स्थानीय निकाय (. . . . . .. . . . . . .),

.................. ।

विषयः प्रगति प्रतिवेदन पेश गरेको ।

त्यस स्थानीय निकाय (. . . . . .. . . . . . .) र हाम्रो बीच मिति ......... मा भएको सम्झौताको शर्त बमोजिम हामीले गरेको देहायको योजनाको कार्यप्रगति देहाय बमोजिम भएकोले प्रगति प्रदिवेदन साथ आवश्यक विल, भरपाई, उपभोक्ता समूह/समितिको निर्णय समेत संलग्न राखी यसैसाथ पेश गरेको छु । ................. किस्ता भुक्तानी/जाँचपास फरफारक गरिपाउन अनुरोध गर्दछु ।

तपसिल

१. योजनाको विवरण

योजनाको नाम :

वडा नं. :    टोल :    बस्ती :    उपभोक्ता समूहको अध्यक्ष :

सचिवः

२. योजनाको लागत :

प्राप्त अनुदान रकम    रु. .............

जिल्ला विकास समिति/नगरपालिका/गाविसबाट लागत सहभागिता रकम    रु...............

जनसहभागिता रकम    रु. .............

अन्य स्रोतबाट प्राप्त रकम    रु...............

जम्मा रकम    रु. .............

३. हालसम्मको खर्च रु.

क. स्थानीय निकायबाट प्राप्त रकम :

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रु. .

२. ज्याला :-    दक्ष रु. :-    अदक्ष रु .    जम्मा रु.

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रु.

४. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रु.

५. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको नगदबाट खर्च रु. :

श्रमको मूल्य बराबर रकम रु.

जिन्सी सामान मूल्य बराबर रकम रु.

कूल जम्मा रु.

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु.

५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रु.

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरूः

क.
ख.
ग.

७. समाधानका उपायहरू
   क.
   ख.
   ग.

८. स्थानीय निकाय/अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव :

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन

११. माथिको व्यहोरा उपभोक्ता समिति/समूहमा परिसकेको छु र उक्त व्यहोरा साचो हो ।

१२. प्राप्त रकम योजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

१३. प्रमाणित गर्ने :

| ................. | ................... | .................. |
|---|---|---|
| सचिव | कोषाध्यक्ष | अध्यक्ष |